मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १३ गते मंगलबार ❑ 27 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## स्वास्थ्य बिमा कार्यक्रममा सुधार आवश्यक : स्वास्थ्यमन्त्री गौतम

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा शर्मा गौतमले स्वास्थ्य बिमा कार्यक्रममा सुधारको खाँचो रहेको औँल्याउनुभएको छ।

सोमबार पोखरामा आयोजित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको दशौँ स्थापना दिवस समारोहमा उहाँले स्वास्थ्य बिमा कार्यक्रमको खर्च राज्यले धान्न नसक्ने अवस्थामा पुगेको बताउनुभयो । "स्वास्थ्य बिमा कार्यक्रमका लागि यस वर्ष सरकारले रु ११ अर्ब विनियोजन गरेको थियो, त्यो बजेट सकिएर अर्को ११ अर्ब खर्च भइसकेको छ", मन्त्री गौतमले भन्नुभयो, "स्वास्थ्य बिमामा भइरहेको




दुरुपयोग नरोक्ने हो र खर्चमा मितव्ययिता नअपनाउने हो भने अब राज्यको क्षमताले यसलाई भ्याउँदैन।" स्वास्थ्य बिमा गरेका आधारमा अनावश्यक जाँच तथा स्वास्थ्य सेवा उपभोग गर्ने प्रवृत्तिले चुनौती थपिएको उहाँको भनाइ छ । "स्वास्थ्य बिमा हुनेखाने र निरोगीले पनि बिमा कोषमा रकम जम्मा गर्ने र विपन्न अवस्थाका बिरामीलाई उपचार सेवा दिने उद्देश्यले सञ्चालन गरिएको योगदानमा आधारित कार्यक्रम हो", मन्त्री गौतमले भन्नुभयो, "तर धेरैजसो बिरामीले नै बिमा गर्ने, चाहिनेभन्दा बढी सेवा लिने, चिकित्सकले पनि अनावश्यक जाँचहरू लेख्दा समस्या भइरहेको छ।"

अस्पतालको फार्मेसी र बिमाबाट दिइने औषधिको मूल्यमा एकरुपता हुनुपर्ने र शय्या निःशुल्क रहेका अस्पतालले बिमाबाट भुक्तानी गर्न नहुने उहाँले बताउनुभयो । मन्त्री गौतमले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि पूर्वाधार र जनशक्ति व्यवस्थापनमा मन्त्रालयले सक्दो पहल गर्ने बताउनुभयो । समारोहमा मन्त्री गौतमलेप्रतिष्ठानकोस्मारिकासमेत विमोचन गर्नुभएको थियो । उक्त अवसरमा प्रतिष्ठानमा दीर्घ सेवा गरेका कर्मचारी, प्राविधिक, चिकित्सकलगायतलाई सम्मान गरिएको प्रतिष्ठानका उपकुलपति प्रा डा भरतबहादुर खत्रीले जानकारी दिनुभयो।

## श्रम नगरी देश बन्दैन : अध्यक्ष साम्पाङ

पोखरापत्र संवाददाता
दमौली, १२ माघ

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले श्रम नगरी देश विकास हुन नसक्ने बताउनुभएको छ। तनहुँको आँबुखैरेनीमा सोमबार स्थानीयसँग भेटघाट गर्दै अध्यक्ष साम्पाङले गफले मात्रै मुलुक नबन्ने बताउँदै त्यसका लागि श्रम अनिवार्य रहेको बताउनुभयो।

गफभन्दा श्रमलाई प्राथमिकता दिने पार्टी आफ्नो मात्रै रहेको दाबी गर्दै साम्पाङले सबै जनता उत्पादनशील काममा जोडिनुपर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "काम नगरेर देश नबनेको हो। काम गर्ने मानिसलाई अपमान गर्ने प्रवृत्ति छ । श्रम गरेर देशलाई स्वाधीन बनाउनुपर्छ।" (अध्यक्ष साम्पाङले राजनीतिक दलहरू विकासका नाममा भाषण र आश्वासनमै सीमित भएको आरोप लगाउँदै आफ्नो पार्टीले श्रमलाई व्यवहारमै उतारेको दाबी गर्नुभयो । "काम नगरेर देश बनेको छैन। हामी कहाँ काम गर्ने मानिसलाई हेप्ने र गफ गर्ने मानिसलाई सम्मान गर्ने गलत संस्कार छ," उहाँले भन्नुभयो, "यो सोच बदल्न सकेनौँ भने देश कहिल्यै अगाडि बढ्दैन ।" उहाँले देशका सबै नागरिकलाई उत्पादनशील काममा जोड्न नसक्दासम्म बेरोजगारी, गरिबी र परनिर्भरताको समस्या समाधान नहुने बताउनुभयो।

विशेषगरी युवाहरू श्रमबाट टाढा रहँदा ठूलो जनशक्ति विदेशिन बाध्य भएको उहाँको भनाइ थियो । अध्यक्ष साम्पाङले विदेशी सहयोग र अनुदानले मात्र देश नबन्ने स्पष्ट पार्दै आफ्नै श्रम र स्रोतको सदुपयोगमार्फत विकास गर्नुपर्नेमा जोड दिनुभयो। "विदेशी आएर हाम्रो देश बनाई दिँदैनन् । आफ्नो देश आफैँले बनाउने हो," उहाँले भन्नुभयो, "श्रमलाई मूल आधार मानेर हामी अघि बढेका छौँ।"

## अन्तरराष्ट्रिय भन्सार दिवसका अवसरमा व्यवसायी र कर्मचारी सम्मानित

पोखरापत्र संवाददाता
दमौली, १२ माघ

नेपाल-चीन उत्तरी कोरलानाकास्थित लोमान्थाङ-२ छोसेरमा रहेको मुस्ताङ भन्सार कार्यालयले पहिलोपटक यहाँ अन्तरराष्ट्रिय भन्सार दिवस मनाएको छ।

सोमबार यहाँ जोमसोममा एक कार्यक्रम गरी ७४ औँ अन्तरराष्ट्रिय भन्सार दिवस मनाएको हो । कार्यक्रममा कार्यालयका कम्प्युटर अपरेटर ओमप्रकाश महतोलाई सम्मान गरिएको छ । कठिन भूगोलमा रहेर लगनशील र कर्तव्यनिष्ट भएर सेवाग्राहीमैत्री कार्यसम्पादन



गरेको भन्दै उहाँलाई भन्सार विभागले सम्मान अर्पण गरेको हो । कार्यक्रममा पुस मसान्तसम्म यहाँबाट धैरै मूल्यको मालवस्तु निकासी गर्ने अष्ठ मङ्गल प्राइभेट कम्पनी र पैठारी गर्ने मेनल्यान्ड सिपिङ एण्ड लजिस्टिक कम्पनीलाई सम्मान गरिएको थियो । यहाँबाट गत भदौ ३१ गतेदेखि हालसम्म साइमेक्स इन्क प्रालिले रु चार अर्ब २३ करोड ४२ लाखको मालवस्तु पैठारी गरेको र निकासीतर्फ अष्टा मङ्गल कम्पनीले रु छ करोड ५६ लाख ९४ हजार बराबरको कारोबार गरेको कार्यालयले जनाएको छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दुई सय ५२ जना मोटरसाइकल चालक कारबाहीमा

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ

स्वरूप परिवर्तन (मोडिफाइड) गर्ने र चर्को ध्वनिसहित मोटरसाइकल चलाउनेविरुद्ध कास्की प्रहरीले गत असोजदेखि सुरू गरेको 'अपरेसन ३६५'अन्तर्गत हालसम्म २५२ मोटरसाइकल चालक कारबाहीमा परेका छन्।

जिल्ला प्रहरी र जिल्ला ट्राफिक कार्यालयले संयुक्त रूपमा सञ्चालन गरेको उक्त अपरेसनमा मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्नेलाई कारबाहीको दायरामा ल्याइएको हो।

समाजमा आतङ्क सृजना गर्ने र जाँचका बेला प्रहरीसँग वादविवाद गर्ने मोटरसाइकल चालकलाई नियन्त्रणमा लिई अनुसन्धान पश्चात् परिवारको जिम्मा लगाइएको जिल्ला प्रहरीले जनाएको छ।

प्रहरीले यो अभियान निरन्तर सञ्चालन हुने जनाएको छ । स्वीकृति नलिई सवारीसाधनको साइलेन्सर, सिट, रङ, स्वरूप, नम्बर प्लेट, लुकिङ ग्लास, सक, ह्याण्डल, इञ्जिन, चेसिस परिवर्तन गर्ने वा ध्वनि प्रदूषण हुने खालका पार्टपूर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को बमोजिम १५ हजार रुपैयाँसम्म जरिवाना गर्ने गरिएको छ।

## पोखरामा साइबर अपराधको बढ्दो ग्राफ

पोखरापत्र संवाददाता
पोखरा, १२ माघ

जिल्ला प्रहरी कार्यालय कास्कीमा चालु आर्थिक वर्षको हालसम्म साइबर अपराधका २ सय १३ वटा उजुरी परेका छन् भने तीमध्ये पीडित महिलाको संख्या १ सय २० रहेको छ।

यता, अनलाइनमार्फत् विभिन्न प्रकृतिका ठगीका ६ सय ७ वटा उजुरी परेका छन् । त्यसमा १९ करोड १९ लाख ५० हजार रुपैयाँभन्दा बढी ठगीको दाबी गरिएको छ। प्रहरीले यस्ता उजुरीहरुलाई विद्युतीय कारोबार ऐन २०६३ अनुसार कारवाही गर्छ । जसमा कसूर प्रमाणित हुँदा ३ लाखसम्म जरिवाना र ५ वर्षसम्म कैदको व्यवस्था छ । ओटीपी मागेर ठूलै रकम ठगी गर्नेहरुलाई चाहिँ प्रहरीले ठगी मुद्दामै कारवाही अगाडि बढाउँदै आएको छ । तर, सामाजिक सञ्जालबाट हुने ठगीको अनुसन्धान गर्न प्रहरीलाई सजिलो छैन। नेपालमा टिकटकमात्र हाल दर्तामा रहेको छ। फेसबुकदेखि टेलिग्राम,एक्स,डिस्कर्ड र अन्य खेलसम्बन्धी एप्सहरु पनि दर्तामा छैनन् । त्यहाँबाट हुने ठगी,यौन उत्पीडन,बालबालिकालाईकुलतमा लगाउने प्रवृत्ति बढ्दो छ । नक्कली फेसबुक र एक्स आइडीबाट हुने धन्दा डरलाग्दो छ । चिठ्ठा परेको, अनलाइन सपिङ गराउने,विदेशबाट पठाएको पार्सल भन्सारमा रोकियो भन्नेजस्ता बहाना बनाएर ठगी गर्ने गिरोहको चंगुलमा मै हुँ




भन्नेहरु पनि फसेका छन्।

'भन्न त नमिल्ला तर यहाँ नपढेकाभन्दा पढेका मान्छे बढी फसिएका छन्,'सोमबार पोखरामा आयोजितएककार्यक्रममाजिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एसपी नवीन कार्कीले भने,' फसिनुको एउटै कारण भनेको लोभ हो। कतिसम्म भने आफूले नाफाको काम गर्न लागेको कुरा छिमेकीलाई पनि भनिँदैन । किनकि, मान्छेलाई छिमेकी धनी हुन्छ कि भन्ने डर छ। छिमेकीलाई भने त उसले राम्रै सुझाव दिन्थ्यो होला नि।' उनका अनुसार यसरी पैसा गुमाउनेमा क्याम्पसका प्राध्यापकदेखि कर्मचारीसम्म रहेका छन् । व्यापारीहरु पनि ठगिएका उजुरी आउने गरेको उनले सुनाए। उनी पोखरा उद्योग वाणिज्य संघ तथा पोखरा जेसिजले आयोजना गरेको अनलाइन स्क्याम तथा विभिन्न ठगीका प्रवृत्ति र त्यसबाट जोगिन अपनाउनुपर्ने सचेतनाबारे बोल्दै थिए । एसपी कार्कीका अनुसार व्यक्तिका गोप्य फोटो र भिडियो सार्वजनिक गरिदिन्छु भन्दै धम्क्याउने र पटक-पटक पैसा असुल्ने प्रवृत्ति पनि उत्तिकै बढ्दो छ। त्यस्ता अपराध भने प्रहरीकहाँ कम आउने उनले बताए।

'सकेसम्म मागेजति पैसा दिनुहुन्छ । अन्तिममा ठूलै रकम दिनुपर्ने भयो भनेमात्र हामीकहाँ उजुरी लिएर आउनुहुन्छ । यस्तोमा देशका मै हुँ भन्ने मान्छेहरु फसेका छन्,'उनले भने,' नेपालको जनसंख्या करिब ३ करोड छ। तर, यहाँ नेपाल टेलिकम र एनसेलको सिम लिनेको संख्या ३ करोड ११ लाख ३३ हजार रहेको छ । अर्थात्, एकभन्दा बढी मोवाइल हुनेको संख्या बढी छ । र,मोवाइलबाटै सबै ठगी धन्दा भइरहेको छ ।' अनलाइनबाट डर देखाउनु वा धम्क्याउने'साइबर बुलिङ',कसैको चरित्र हत्या गरिदिने,अपहरण गर्ने, मानव बेचविखन गर्ने,गलत सूचना फैलाउने प्रवृत्ति कम गर्न प्रहरीलाई नै हम्महम्मे परेको एसपी कार्कीको भनाइ छ।

सो कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष गोकर्ण कार्कीले अनलाइन ठगीबाट जोगिन प्रहरी-समुदाय हातेमालो र सचेतनामूलक कार्यक्रम आवश्यक रहेकोमा जोड दिए।

पोखरा जेसिजका अध्यक्ष सुमन पहारीले लोभमा नफस्न र अनलाइन ठगीबाट जोखिन आफ्ना सूचनाहरु जोगाउन आग्रह गरे। कार्यक्रम संयोजक निश्चल खरेलले अहिलेको जमानामा प्रहरीले सडकमा गस्ती गरेर नभएर कम्प्यूटरमा बसेर नागरिकको सुरक्षा गर्नुपर्ने अवस्था आएको बताउँदै साइबर अपराधबाट जोगिन आफै सचेत बन्नुपर्ने बताए । पोखरा जेसिजका महासचिव संजय पौडेलले साइबर आक्रणमबाट पीडितहरुलाई घटना नलुकाउन र तत्काल प्रहरीमा जानकारी दिन आग्रह गरे । पोखरा उद्योग वाणिज्य संघ सामाजिक विकास केन्द्रका २९ जना कर्मचारीहरूका लागि साइबर क्राइम तथा मानसिक स्वास्थ्यसम्बन्धी तालिम दिइएको छ। भायनेटको आयोजनामा जिल्ला प्रहरी कार्यालय कास्कीले सो तालिममा सहजीकरण गरेको हो । जिल्ला प्रहरी कार्यालय कास्कीका वरिष्ठ सई होतबहादुर रोकाहाले साइबर अपराधका प्रकार, सामाजिक सञ्जालको सुरक्षित प्रयोग, अनलाइन ठगी, डाटा सुरक्षा तथा कानुनी पक्षहरूबारे विस्तृत जानकारी प्रदान गरेका थिए। मानसिक स्वास्थ्यसम्बन्धी सेसनमा चाहिँ भायनेटका प्रदेश प्रमुख डिकेन्द्र थापा मुख्य वक्ता थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# टाइगर कपमा आर्मीमाथि गण्डकीको रोमाञ्चक जित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लव च्याम्पियनसिपमा गण्डकी प्रदेशले त्रिभुवन आर्मी क्लबमाथि रोमाञ्चक जित निकालेको छ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा जारी च्याम्पियनसिपअन्तर्गत आजको तेस्रो तथा अन्तिम खेलमा गण्डकीले आर्मीमाथि ३-१ को रोमाञ्चक जित निकालेको हो । निकै प्रतिष्पर्धात्मक भएको पहिलो र तेस्रो सेट गण्डकीले समान ३३-३१ ले आफ्नो पक्षमा पार्दा दोस्रो सेटमा आर्मी हाबी हुँदै २५-१५ को जित निकाल्यो । चौथो सेटमा गण्डकीले २५-१९ ले जित निकाल्दै खेलमा आफ्नो पक्षमा पार्‍यो । च्याम्पियनसिपमा गण्डकीले दोस्रो जित दर्ता गराएको छ । पहिलो खेलमा सशस्त्र प्रहरी



बल एपीएफसँग पराजित भएको गण्डकीले दोस्रो खेलमा माल्दिभ्स भलिबल एसोसियसनलाई पराजित गरेको थियो । आर्मीले भने लगातार दोस्रो हार बेहोरेको छ। पहिलो खेलमा माल्दिभ्सलाई हराएको आर्मी दोस्रो खेलमा नेपाल पुलिस क्लबसँग पराजित भएको थियो । यसअघि आजै भएका खेलमा महिला र पुरुष दुवैतर्फ एपीएफले जित निकाल्यो।

पुरुषतर्फ एपीएफले माल्दिभ्सलाई ३-० को सोभ्mो सेटमा पराजित गरेको हो। एपीएफले पहिलो सेट २५-२०, दोस्रो सेट २५-१८ र तेस्रो सेट २५-२० ले आफ्नो पक्षमा पार्‍यो । महिलातर्फ एपीएफले त्रिभुवन आर्मी क्लबलार्य पराजित गरेको थियो । आर्मीविरुद्ध एपीएफले पहिलो सेट २५-११, दोस्रो सेट २५-१८ र तेस्रो सेट २५-१९ ले आफ्नो पक्षमा पार्दै च्याम्पियनसिपमा दोस्रो जित दर्ता गर्‍यो । च्याम्पियनसिपअन्तर्गत भोलि मंगलबार ४ खेल हुनेछन्। पहिलो खेल महिलातर्फ आर्मी र थाइल्याण्ड क्विन्सबिच बिहान साढे ८ बजेबाट सुरु हुनेछ । दोस्रो खेल महिलातर्फ नै न्यू डायमण्ड स्पोर्ट्स क्लब र पुलिसबिच हुनेछ । त्यसपछि पुरुषतर्फका २ खेल हुनेछ । पुरुषतर्फको पहिलो खेलमा पर्वत जिल्ला भलिबल संघ र माल्दिभ्स भिड्नेछन् । पुरुषतर्फको दोस्रो खेल गण्डकी र पुलिसबिच हुने तालिका छ । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा माघ १७ गतेसम्म चल्ने च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ ५ टोली सहभागी छन् । सिंगल राउण्ड रोबिनको आधारमा भएको प्रतियोगितामा शीर्ष दुईमा रहने टोली उपाधिका लागि भिड्ने छन्।

# प्रदेश युवा परिषद् बनाउन सरोकारवालाहरुको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

राष्ट्रिय युवा नीति २०८२ र आगामी युथ भिजनका लागि प्रादेशिक कार्यशाला सोमबार पोखरामा सम्पन्न भएको छ।

जागृति बाल तथा युवा सरोकार नेपालले ब्रिटिस काउन्सीलको सहयोग र राष्ट्रिय युवा परिषद्को सहकार्यमा सम्पन्न कार्यशालाका सहभागीहरुले युवा सहभागिता अभिवृद्धि गर्नुपर्ने जोड दिए । त्यसै गरी युवा मैत्री शासन अभिवृद्धिका लागि नेपालका अन्य प्रदेशहरुमा जस्तै गण्डकी प्रदेशमा समेत प्रदेश युवा परिषद् बनाउन युवा सरोकारवालाहरुले जोड दिएका छन् । कार्यक्रम बोल्दै मानव अधिकार आयोग, गण्डकी प्रदेश प्रमुख नीतु गर्तौलाले युवाहरुमा नैतिकता र सक्रियताको खाँचो औल्याउँनु भयो । त्यसै गरी गण्डकी प्रदेश, सामाजिक तथा युवा तथा खेलकुद मन्त्रालयका उपसचिव घनश्याम पौडेलले गण्डकी प्रदेश युवा परिषद् गठनको



प्रस्ताव मन्त्रीपरिषद्मा गइसकेको र छिटै गठन हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा बोल्दै प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्, गण्डकी प्रदेश कार्यालयकी उप निर्देशक डा. मीना भट्टले युवाहरुलाई सीप र उद्यमशिलतासँग जोड्न सके मात्र समृद्धीको यात्रा शुरु गर्ने सकिने धारणा राख्नु भयो।

त्यस्तै श्रम तथा रोजगार कार्यालय, पोखराका प्रमुख चण्डीका पौडेलले श्रम सचेतना र सामाजिक सुरक्षा कोषको महत्वमाथि प्रकश पार्नुभयो । आँधिखोला गाउँपालिका, वडा नं. १ का वडा अध्यक्ष पवनकाजी अधिकारीले युवाहरुलाई उद्यमी बनाउने अभियानका लागि सबै तहका सरकारहरुको एकीकृत समन्वयको आवश्यकतामा जोड दिनुभयो। कार्यक्रमको छलफल सत्रको सहजिकरण त्रिभुवन विश्वविद्यालयका उप प्राध्यापक डा. दिपेश घिमिरेले गर्दै राष्ट्रिय युवा नीति २०८२ को परिचय, युथ भिजन २०२५ को समीक्षा तथा आगमी युथ भिजनको सन्दर्भमा सहभागीहरुको सुझाव संकलन गर्नुभएको थियो । कार्यक्रममा युवा जनप्रतिनिधीहरु, विद्यार्थी, व्यवसायी, सञ्चारकर्मी, अल्पसंख्यक समुदाय, पर्यटन व्यवसायी, फरक क्षमता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, किशोर किशोरी लगायतको समुदायको प्रतिनिधित्व गर्दै गण्डकी प्रदेशको विभिन्न जिल्लाका विभिन्न ७ जिल्लाका ७० युवाहरुको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीहरुले युवा मैत्री शासन प्रवर्द्धन, जलवायु मैत्री शासन, बाल विवाह अन्त्य, उद्यमशिलता विकास, सामाजिक कुरीति तथा कुसंस्कार विरुद्ध अभियान, बाल विवाह अन्त्य, विपद् व्यवस्थापन लगायतका कुरामा युवाहरुको सक्रियता र सहभागिताको बारेमा सुझाव दिएका थिए।

कार्यक्रम राष्ट्रिय युवा परिषद्को उपसचिव चन्द्रा कुमारी थापाको अध्यक्षता, जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलको सञ्चालन तथा कार्यक्रम अधिकृत रिता थापाको स्वागत मन्तव्यमा सम्पन्न भएको थियो।

# पर्यटन व्यवसायी महिलालाई क्षमता अभिवृद्धि तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

पर्यटन व्यवसायी महिला संघ, नेपाल (टेवान) को आयोजनामा पर्यटन व्यवसायीका लागि क्षमता अभिवृद्धि तालिम सोमबारदेखि पोखरामा सुरु भएको छ। नेपाल पर्यटन बोर्डको सहयोगमा आयोजना भएको तालिम तीन दिनसम्म चल्नेछ।

तालिमको पहिलो दिन डा.आरती रेग्मीले व्यक्तित्व विकास सम्बन्धमा सहजीकरण गरिन् । उनले शारीरिक र मानसिक स्वास्थ्य सम्बन्धमा आफ्नो प्रस्तुति राखेकी थिइन् । तालिम संयोजक मीना बरालका अनुसार दोस्रो दिन मंगलबार व्यवसाय प्रवर्द्धन र 'ब्रान्डिङ' सम्बन्धमा समिर बराल र डिजिटल मार्केटिङ सम्बन्धमा विजय कुमालले तालिम दिनेछन् । अन्तिम दिन बुधबार साइबर अपराध र अनलाइन ठगी सचेतना सम्बन्धमा कास्कीका प्रहरी प्रमुख एसपी नवीन कार्कीले सहजीकरण गर्नेछन् । तालिको उद्घाटन



गर्दै नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका वरिष्ठ निर्देशक मणिराज लामिछानेले तालिममा गरिने लगानीले व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्नुपर्ने बताए। उनले पर्यटन व्यवसायी महिलाको सवलीकरणका लागि आवश्यकताका आधारमा अन्य शीर्षकमा पनि बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरे।

वडा प्रहरी कार्यालय बैदामका प्रमुख एवं डीएसपी नवराज भट्टराईले साइबर अपराध बढिरहेको अवस्थामा यसबाट बच्न अपनाउनुपर्ने उपायकाबारेमा तालिमले स्पष्टपार्ने अपेक्षा व्यक्त गरे। पोखरा पर्यटन परिषद्का सचिव नारायणप्रसाद सुवेदीले तालिमबाट लाभ लिएर व्यावसायिक जीवनमा उतार्न सहभागीलाई आग्रह गरे । टेवान संस्थापक अध्यक्ष लक्की कार्की क्षेत्रीले शारीरिक र मानसिक रुपमा स्वस्थ हुँदा मात्रै व्यवसायमा पनि सफल हुन सकिने भएकोले यस्ता तालिम फलदायी हुने बताइन् । टेवान अध्यक्ष शोभा न्यौपाने पाण्डेले तालिमबाट अपेक्षित उपलब्धी हासिल गर्ने बताइन् । 'क्षमता अभिवृद्धिमा पर्यटन बोर्डले सहयोग गरेको छ अब पर्यटन प्रवर्द्धनमा पनि व्यवसायी महिलाका लागि बजेट छुट्याउन आवश्यक छ,' उनले भनिन्। संस्थाकी महासचिव शोभा अधिकारी पौडेलद्वारा सञ्चालित कार्यक्रममा संयोजक मीना बरालले तालिमको उद्देश्यबारे बताएकी थिइन्।

# अन्तर्राष्ट्रिय ...

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अजिता शर्माले भन्सार कार्यालयलाई थप गतिशील र सेवामैत्री तुल्याउन आवश्यक रहेको बताउनुभयो। भन्सार सेवालाई थप प्रभावकारी, जिम्मेवार र उत्तरदायी बनाउँदै थप सुधार गनुपर्ने र त्यसका लागि प्रविधिमा जोड दिनुपर्ने उहाँको भनाइ थियो। यहाँ माथिल्लो मुस्ताङस्थित न्हेचुङमा २०१३ सालमा भन्सार कार्यालय स्थापना भएको बताउनुभयो । कार्यालयका निमित्त भन्सार प्रमुख रमेश खड्काले पछिल्लो समय सडक स्तरोन्नितिसँगै नाकालाई पूर्ण रूपमा सञ्चालनमा ल्याइएपछि राजस्व वृद्धिका साथै व्यवसायीलाई समेत निकै सहज भएको बताउनुभयो । कार्यक्रममा व्यवसायी प्रभु अधिकारी, मुस्ताङ उद्योग वाणिज्य सङ्घका सचिव तिलक विकलगायतले नाका पूर्ण सञ्चालनमा आए पनि व्यवस्थापनमा अझै सुधार गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो । गत भदौ ३१ गतेबाट पूर्ण रूपमा सञ्चालनमा आएको यस नाकाबाट हालसम्म रु पाँच अर्ब ५४ करोड तीन लाख राजस्व सङ्कलन गरिएको निमित्त प्रमुख खड्काले जानकारी दिनुभयो।



गह्रौंकालिका मन्दिरः
स्याङ्जाको वालिङ-८ मा गह्रौंसुरमा अवस्थित प्रसिद्ध धार्मिक स्थल गह्रौंकालिका मन्दिर।
तस्बिर : तोलाकान्त बगाले / रासस

# २६ औं आदर्श कपमा मंगलवारदेखि सेमीफाइनलका खेल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

कास्कीको लेखनाथमा माघ ९ देखि सुरु भएको २६ औ संस्करणको आदर्श कप फुटबल प्रतियोगिता अन्तर्गत मंगलवारदेखि सेमीफाइनलका खेल हुने भएका छन्।

सोमवारक्वाटर फाइनलको अन्तिम खेलबाट जिल्ला खेलकुद विकास समिति म्याग्दीको टिम अघिल्लो चरण सेमीफाइनलमा प्रवेश गरेको छ । म्याग्दीले सशस्त्र प्रहरी बल ए पी एफ पोखरालाई १-० गोल अन्तरले पछाडि पार्दै सेमीफाइनलमा प्रवेश गरेको हो।

जिल्ला खेलकुद विकास समिति म्याग्दीका जर्सी नं ९ का खेलाडी सनम विकले खेलको ८२ औ मिनेटमा गरेको गोल नै खेलको निर्णायक गोल बनेको थियो। सोमवारको म्यान अफ द म्याच बन्न सफल विकलाई कास्की जिल्ला फुटबल संघका उपाध्यक्ष नरप्रसाद गुरुङ्गको



हातबाट पाँच हजार पुरस्कार प्रदान गरिएको थियो।

८ टिमको सहभागीता रहेको यस प्रतियोगितामा मंगलवार १ बजे तनहु जिल्ला फुटबल विकास समिति र नेपाल प्रहरी गण्डकी प्रदेशको टीम विच खेल हुने वताइएको छ।

२६ औं आदर्श कप फुटबल प्रतियोगितामा प्रथम हुने टोलीले रु. ४ लाख ९९ हजार ९सय ९९ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र तथा दोस्रो हुने टोलीले रु. ३ लाख ३३ हजार ३सय ३३ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

छैटौं टाइगर कप च्याम्पियनसिपमा पुरुष र महिला दुवैतर्फ विजेता हुने टोलीले ६ लाख ६६ हजार ६६६ रुपैयाँ र उपविजेता हुने टोलीले ३ लाख ६६ हजार ६६६ रुपैयाँ पाउनेछन् । तेस्रो हुने टोलीलाई एक लाख ६६ हजार ६६६ रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# कांग्रेस क्षेत्र नम्बर १ को चुनावी प्रचार सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

नेपाली कांग्रेस कास्की क्षेत्र नम्बर १ ले आफ्नो चुनावी प्रचार सुरुवात गरेको छ।

सोमबार पोखरा २६ कालिकाचोकमा कार्यालयको उद्घाटन गरेर आफ्नो चुनावी रणनीति र चुनावी योजना अगाडि बढाएको छ। नेपाली कांग्रेसबाट कास्की क्षेत्र नम्बर १ मा उम्मेदवार तिलकबहादुर रानाभाट सँगै विभिन्न उपसमितिहरू बनाएर आफ्नो चुनावी रणनीति सहित विभिन्न ठाउँहरूमा घरदैलो अभियान सुरुवात गरेको छ।

चुनावी घोषणा कार्यक्रममा बोल्दै क्षेत्र नम्बर १ का सभापति राजेन्द्रमणि लामिछानेले सबै एकजुट भएर कास्की १ मा तिलकबहादुर रानाभाटलाई जिताउन लाग्नुपर्ने र सबै मतदातालाई अनुरोध गर्ने समेत बताएका छन् । पूर्व सभामुख तारानाथ रानाभाटको प्रमुख अतिथितामा सम्पन्न कार्यक्रममा क्षेत्र नम्बर १ का काङ्ग्रेसका नेता तथा कार्यकर्ताहरूको सयौंको संख्यामा उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन सचिवहरू ओम प्रकाश गुरुङ र सरोज केसीले गरेका थिए।



"आयुर्वेदोऽमृतानामः"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरिलिअस्

## सम्पादकीय

# चुनावको मुखमा मूल्यवृद्धि

नेपाली बजारमा पछिल्लो एक सातादेखि खानेतेलको मूल्यमा अप्रत्याशित वृद्धि भएको छ। तेलको भाउ प्रतिलिटर ४० देखि ५० रुपैयाँसम्मले बढेर उपभोक्ताको भान्सा निकै महँगो बनेको छ। बजारमा अहिले भटमास र सूर्यमुखी (सनफ्लावर) तेलको खुद्रा मूल्य प्रतिलिटर २ सय ९० देखि ३ सय रुपैयाँसम्म पुगेको छ। त्यसैगरी तोरीको तेल प्रतिलिटर ३ सय ८० देखि ४ सय रुपैयाँमा बिक्री भइरहेको छ। व्यवसायीहरूका अनुसार पछिल्लो एक सातामा मात्रै तेलमा लिटरको ४० देखि ५० रुपैयाँसम्मको वृद्धि देखिएको छ। एक साताअघि प्रतिलिटर २ सय ४५ रुपैयाँमा किनेको सनफ्लावर तेललाई २ सय ९५ रुपैयाँ पुऱ्याइएको छ। 'एक साताअघि मात्रै यही खानेतेलको मूल्य २ सय ४५ रुपैयाँ थियो एक सातामै एक लिटर तेलमा ५० रुपैयाँ बढेको, कसरी र के कारणले हो कसैले सोधेको छैन। कसले कहाँ कतिबेला कुन तरिकाले लुट्ने र ठग्ने हो टुंगो नभएको र चुनावी सरकार र यस विषयमा अनुगमन नियमन गर्ने निकायले कुनै चासो देखाएको छैन। एक्कासि तेलको भाउ अत्यधिक बढ्दा घरायसी बजटमै समस्या परेको उपभोक्ताले गुनासो गरेका छन्।

उद्योगीहरूले भने अन्तर्राष्ट्रिय बजारमा कच्चापदार्थको भाउ बढेकाले मूल्य बढाउनुपरेको दाबी गरेका छन्। अन्तर्राष्ट्रिय बजारमा खानेतेलको कच्चापदार्थ (क्रुड) आपूर्तिमा आएको संकुचनले गर्दा मूल्य बढ्न पुगेको जिकिर उनीहरूको छ। सूर्यमुखी (सनफ्लावर) र भटमास (सोयाबिन) तेलको मूल्यमा अहिले बढी चाप परेको छ। तोरीको तेलको सन्दर्भमा भने नेपाल र भारतको कर नीतिमा रहेको ठूलो अन्तरले समस्या पारेको छ। 'नेपालमा तोरीको तेलमा १३ प्रतिशत भ्याट र ५ प्रतिशत भन्सार शुल्क लाग्छ, जबकि भारतमा जम्मा ५ प्रतिशतमात्र जिएसटी छ,। भारतबाट चोरीपैठारी भएर तेल भित्रिने र यहाँको महँगो उत्पादनले बजार नपाउने स्थिति छ। तोकेको मूल्य र खुद्रा व्यापारीले बेच्ने मूल्यमा आकाश जमिनको फरक हुन्छ। अहिले बजारमा व्यापारीले सनफ्लावर र भटमास तेल एकै मूल्यमा बेचिरहेका छन्। त्यो मूल्य पनि पसलपिच्छे फरक-फरक छ। संघको तथ्यांकले १५ दिन अवधिमा भुटेको तोरीको तेलमा १० रुपैयाँको बढोत्तरी देखाएको छ। १५ दिनअघि भुटेको तोरीको तेल प्रतिलिटर ४ सय ३० रुपैयाँ थियो भने अहिले ४ सय ४० रुपैयाँ कायम छ।

यस्तै काँचो तोरी तेलको मूल्य भने स्थिर छ। काँचो तोरी तेलको मूल्य २ सय ६० देखि ३ सय ६० रुपैयाँ कायम छ। तर, बजारमा सबै खानेतेलको मूल्य बढेको भन्दै उपभोक्तासँग मनलाग्दी मूल्य असुलिरहेको पाइन्छ। 'उद्योगीहरू आफूसँग ६ महिनासम्म पुग्ने कच्चापदार्थ वा तेलको स्टक छ भन्छन्, तर अन्तर्राष्ट्रिय बजारमा आज मूल्य बढ्ने वा डलरको भाउ बढ्ने बित्तिकै भोलिपल्टै यहाँ किन मूल्य बढ्छ ?,'यो मुल्य बढाउने मिलेमतो र अनुगमनको अभावले हो। सरकारले कुल उत्पादनको २५ प्रतिशत तेल नेपाली बजारका लागि अनिवार्य छुट्याउनुपर्ने नियम बनाए पनि उद्योगीहरूले त्यसलाई लत्याएका छ। वाणिज्य विभागले उपभोक्ता अधिकार हनन हुने गरी अस्वाभाविक मूल्यवृद्धि गर्ने र कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीलाई उपभोक्ता संरक्षण ऐन अनुसार तत्काल कडाभन्दा कडा कारबाही गर्नुपर्छ। प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा बजारमा माग बढेको भन्दै नेपाल लेयर्स कुखुरापालक संघले अण्डाको मूल्य बढाएको छ। निर्वाचनको माहोलसँगै माग उच्च भएको भन्दै आइतबारदेखि लागु हुनेगरी मूल्य बढाएको छ। नयाँ मूल्यसूचीअनुसार ठुलो अण्डाको फार्म मूल्य प्रतिक्रेट ३० रुपैयाँले बढेर ४९५ रुपैयाँ पुगेको छ। यसअघि ठुलो अण्डा प्रतिक्रेट ४६५ रुपैयाँमा बिक्री हुँदै आएको थियो।

यस्तै मझौला अण्डाको फार्म मूल्य पनि बढेर ४७५ रुपैयाँ कायम भएको छ। यसअघि मझौला अण्डा ४४५ रुपैयाँमा बिक्री भइरहेको थियो। संघका अनुसार देशमा निर्वाचनको माहोल बन्नु र जाडो मौसम सुरु हुनुले अण्डाको खपत बढेको छ। साथै निर्वाचनका कारण सीमा क्षेत्रमा गरिएको कडाइले भारतीय अण्डाको आयात रोकिँदा र जाडो विदापछि विद्यालयहरू पूर्ण रूपमा सञ्चालनमा आउँदा माग बढेको दावी गरिएको छ। अर्कोतर्फ कुखुराको संख्यामा कमी आउँदा उत्पादन नै घटेकाले मूल्यमा चाप परेको व्यवसायीको तर्क छ। व्यापारीहरूले उत्पादनमा कमी देखाएर सिन्डिकेट गरी मूल्य वृद्धि गरेको छ। साथै बजारमा निर्वाचनलाई लक्षित गर्दै सिन्डिकेट सुरु भएको छ। निर्वाचनको मुखमा दैनिक उपभोग्य वस्तुमा भएको अस्वाभाविक रूपमा कुनै ठोस कारणबिनै नै मूल्य बढाइनु उपभोक्तामाथिको ठगी हो। सुशासन कायम गर्ने र मूल्यवृद्धि रोक्ने दाबी गर्ने सरकारले निर्वाचनको नजिक उपभोक्ता मारमा पर्दा पनि अनदेखा गरेको उनको आरोप छ। 'सरकारले यसरी आँखा चिम्लिएर बस्न सुहाउँदैन,' उनले थपे, 'उपभोक्तामाथि परेको मार हेरीहेरी बस्ने हो भनेदेखि त त्यो एक प्रकारले राज्यसंरक्षित अपराध नै भयो।' सरकारको मुख्य जिम्मेवारी उपभोक्ताको संरक्षण गर्नु हो। अनुचित मूल्यवृद्धिलाई तत्काल नियन्त्रण गर्नु सरकार चुनावको वाहना बनाएर भाग्न मिल्दैन।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : ब्यापारमा लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# म्याग्दीबाट कुष्ठरोग उन्मूलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ माघ

म्याग्दीबाट कुष्ठरोग उन्मूलन भएको जनाइएको छ। ७३औँ विश्व कुष्ठरोग दिवसका अवसरमा आज प्रदेश जनस्वास्थ्य कार्यालयले बेनीमा आयोजना गरेको कार्यक्रममा कुष्ठरोग उन्मूलन भएको जानकारी गराइएको हो।

कार्यालयका प्रमुख भुवन ठकुराठीका अनुसार प्रति दश हजार जनसङ्ख्यामा एक जनाभन्दा कम कुष्ठरोगी भएमा उन्मूलन भएको मानिन्छ। "एक लाख जनसङ्ख्या भएको म्याग्दीमा पछिल्लो पाँच वर्षयता प्रति दश हजार बराबर एक जनाभन्दा कम कुष्ठरोगी पहिचान भएको आधारमा उन्मूलन भएको मानिएको हो," उहाँले भन्नुभयो, "रोगी पहिचान गरी उपचारको दायरामा ल्याउनुका साथै भेदभाव र लाञ्छना विरुद्ध सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिएका छौँ।" चालु आर्थिक वर्षमा हालसम्म मालिका गाउँपालिकामा एक जनामा मात्र कुष्ठरोग पहिचान भएको छ। गत वर्ष पहिचान भएका तीनसहित चार जना नियमित उपचारमा छन्। आर्थिक वर्ष २०७७/०७८ मा सात जना, २०७८/०७९ मा शून्य, २०७९/०८० मा तीन जना, २०८०/०८१ र २०८१/०८२ मा पाँच/पाँच जना कुष्ठरोगी पहिचान भएका थिए।

# महिला टी-२० विश्वकप ग्लोबल छनोटः नेपाल स्कटल्यान्डसँग पराजित

**रासस**
काठमाडौं, १२ माघ

आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटमा नेपाल स्कटल्यान्डसँग पराजित हुँदै प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट रङ्गशालामा आज भएको समूह चरणको अन्तिम खेलमा नेपाल स्कटल्यान्डसँग ७२ रनले पराजित हुँदै प्रतियोगिताबाट बहिरिएको हो।

जितका लागि १४१ रनको लक्ष्य पछ्याएको नेपालले १३ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ६८ रनमा समेटियो। नेपालका लागि रोमा थापाले अविजित १४ रन बनाइन्।यस्तै विन्दु रावलले १४ तथा रुविना क्षेत्रीले १० रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

स्कटल्यान्डका लागि अब्ताहा मकसुदले सर्वाधिक तीन विकेट लिइन्। त्यस्तै क्याथरिन फ्रेजर र कप्तान क्याथरिन ब्राइसले समान दुई-दुई विकेट लिए। यसैगरी राहेल स्लेटर र ओलिभिया बेलले समान एक एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १४० रनको योगफल बनाएको थियो। स्कटल्यान्डका लागि प्रियनाज चटर्जीले सर्वाधिक ४५ रनको योगदान दिइन् भने एल्सा लिस्टरले २२, सारा ब्राइसले १८, मेगन म्याककोलले १७ तथा राहेल स्लेटरले ११ रन बनाए। नेपालका लागि मनिषा उपध्यायले सर्वाधिक चार विकेट लिइन् भने रुविना क्षेत्रीले तीन विकेट लिइन्। त्यस्तै रिया शर्मा, सीता रानामगर र कविता जोशीले समान एक-एक विकेट लिए।

यस हारसँगै चार खेल खेलेको नेपालले एकमा जित तथा बाँकी खेलमा पराजय भोग्यो। दुई अङ्क जोडेको नेपाल समूह 'बी' को चौथो स्थानमा रह्यो। जित निकालेको स्कटल्यान्डले भने समान खेलबाट चार अङ्कका साथ सुपर सिक्सको यात्रा तय गरेको छ।

# त्रिशूली किनारमा पुरिएको गणपति डिलक्स बसबाट मानव कङ्काल फेला

**रासस**
तनहुँ, १२ माघ

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ दोन्द्राङ बैंसी नजिक त्रिशूली नदीको किनारमा पुरिएको अवस्थामा भेटिएको गणपति डिलक्स बसबाट मानव कङ्काल फेला परेको छ।

डेढ वर्षअघि सिमलतालमा पहिरोसँगै बेपत्ता भएको उक्त बस उत्खनन गर्ने क्रममा एक जनाको कङ्काल फेला परेको इलाका प्रहरी कार्यालय आँबुखैरेनीका प्रहरी निरीक्षक प्रदीप सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार बसको करिब ४० प्रतिशत भाग काटेर बाहिर निकाल्ने क्रममा कम्मरभन्दा माथिको भाग मात्र भएको मानव कङ्काल फेला परेको हो।

फेला परेको कङ्काल परीक्षणका लागि भरतपुर अस्पताल पठाइएको छ।

सिमलताल दुर्घटनास्थलभन्दा करिब ३०० मिटर तल त्रिशूली नदीको किनारमा बालुवाले पुरिएको अवस्थामा १६ दिनअघि उक्त बसका पाटपुर्जा देखिएपछि खोजीकार्य तीव्र पारिएको थियो। इलाका प्रहरी कार्यालय आँबुखैरेनी, सशस्त्र प्रहरी बल नेपाल नं १७ गण चितवन र नं २३ मनकामना गण भानु तनहुँबाट खटिएको संयुक्त सुरक्षा टोलीले उक्त बस फेला पारेको थियो।

विसं २०८१ असार २८ गते बिहानपख काठमाडौँबाट गौर जाँदै गरेको प्रदेश ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स बस र वीरगन्जबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बस चितवनको भरतपुर महानगरपालिका-२९ स्थित सिमलतालको झोलुङ्गे पुल नजिकैबाट लेदोसहितको पहिरोमा परी त्रिशूलीमा खसेर बेपत्ता भएको थियो। दुवै बसका ६५ यात्रुमध्ये गणपति यातायातको बसमा सवार तीन यात्रु पौडेर माथि आएका थिए। अन्य सबै बससँगै बगेका थिए।

# महको माग बढ्दो छ, बिक्री गर्न बजारको समस्या छैन

**पोखरापत्र संवाददाता**
दमौली, १२ माघ

गण्डकी, १२ माघः पोखरा महानगर क्षेत्रमा दुई हजारभन्दा बढी व्यक्ति मौरीपालन व्यवसायमा सम्लग्न छन्। पछिल्ला वर्षमा मौरीपालनतर्फ सर्वसाधारणको आकर्षण बढिरहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो।

महानगरभित्रका वडामध्ये विशेषतः १६, १८, २०, २३, २६, २८, ३०, ३३ लगायतका वडामा मौरीपालनतर्फ आकर्षण बढिरहेको छ। महानगरभित्र हाल वार्षिक ९० टन जति मह उत्पादन हुने गरेको बताउँदै उहाँले त्यो बढ्दो क्रममा रहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार महानगर क्षेत्रमा विशेषतः सेरेना जातका मौरीपालन गर्ने गरिएको छ। "बजारमा महको माग बढ्दो छ, उत्पादन गर्न सकेमा बजारको समस्या छैन", उहाँले भन्नुभयो, "यस क्षेत्रमा मह उत्पादनको सम्भावना राम्रो भएका कारण आयआर्जनको महत्वपूर्ण विकल्प बन्ने देखिन्छ।"मौरीपालनबाट अन्य कृषिजन्य उत्पादनमा पनि फाइदा पुग्ने उहाँले बताउनुभयो। पछिल्ला समयमा मौरीपालन व्यवसायलाई व्यावसायिक बनाउनका लागि समय समयमा विभिन्न किसिमका तालिम पनि प्रदान गर्दै आइएको छ। अन्नपूर्ण बहुप्राविधिक शिक्षालयको आयोजना तथा पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रको समन्वयमा यहाँका किसानलाई आइतबारदेखि ६५ दिने मौरीपालक तह - १ तालिम दिन सुरु गरिएको छ।

पोखरा महानगरपालिका-२६ लेखनाथ ढलेपिपल कृषि सेवा केन्द्रमा तालिमको सुरुआत गरिएको शाखा प्रमुख कडरियाले जानकारी दिनुभयो। तालिममा महानगर क्षेत्रका २० अगुवा किसान सहभागी बन्नुभएको उहाँले बताउनुभयो।

# मुस्ताङमा ११ हजार ३२८ जना मतदाता : २८ मतदान केन्द्र कायम

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १२ माघ

आसन्न प्रतिनिधिसभा सदस्य पदको निर्वाचन तयारीका लागि यहाँको थासाङ गाउँपालिकास्थित पाँचवटा मतदानस्थल तथ मतदान केन्द्रको स्थलगत अनुगमन गरिएको छ।

मुख्य निर्वाचन अधिकृत विद्याराज पौडेल र प्रमुख जिल्ला अधिकारी अजिता शर्मा, जिल्ला सुरक्षा समिति, जिल्ला निर्वाचन कार्यालय प्रमुख लोकेन्द्र ज्ञवाली र स्थानीय सञ्चारकर्मी लगायतको संयुक्त टोलीले मुस्ताङको थासाङ गाउँपालिकामा रहेका आठवटा मतदान केन्द्र तथा मतदानस्थलमध्ये पाँच वटाको संयुक्त अनुगमन गरेको हो।

निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नका लागि मतदान केन्द्रको शान्तिसुरक्षाको अवस्था तथा मतदान केन्द्र तथा मतदानस्थलको वस्तुगत अवस्था र मतदानदातालाई निर्भिकतापूवर्क मतदान गर्न पाउँने संवैधानिक हक अधिकारको सुनिश्चितता गराउने उद्देश्यले यहाँका मतदान केन्द्र तथा मतदानस्थलको स्थलगत अनुगमन गरिएको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिनुभयो। जिल्लाको थासाङ गाउपालिकास्थित घाँसा, छ्यो, लेते, कोवाङ र कोवाङ मतदान केन्द्र तथा मतदानस्थलमा पुगेर प्रत्यक्ष अनुगमन गरिएको उहाँको भनाइ छ। यसैगरी थासाङमा बाँकी रहेका कालीगण्डकी पारीका सौरु, कुञ्जो र झिप्रा देउराली लगायतका मतदानस्थलको अर्को चरणमा अनुमगन गरिने निर्वाचन अधिकारी ज्ञवालीले बताउँनुभयो। मुस्ताङमा फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवार मनोनयपत्र दाखिला, दाबी विरोध, अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने लगायतका काम सकिएलगत्तै थासाङ गाउँपालिकामा मतदान केन्द्र तथा मतदानस्थलको अनुगमन सुरु गरिएको मुख्य निर्वाचन अधिकृत विद्याराज पौडेलले बताउँनुभयो।

यसअघि जिल्ला सुरक्षा समिति जिल्लाले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी उपल्लो मुस्ताङका विभिन्न मतदान केन्द्र तथा मतदानस्थलको अनुमगन सम्पन्न गरेको थियो। प्रजिअ अजिता शर्मा नेतृत्वको जिल्ला सुरक्षा समिति लगायतको टोलीले लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका- २८ मतदान केन्द्र तथा मतदानस्थलमध्ये २५ को स्थलगत अनुगमन सम्पन्न गरेको थियो। माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्डस्थित ताङ्ग्या र ढी मतदानस्थल र बारागुङ मुक्तिक्षेत्रको साङ्ता मतदानस्थलको अनुमगन गर्न बाँकी रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचनका लागि जिल्लाका पाँच पालिकामा ३९ मतदान केन्द्रस्थल छन्। यसअन्तर्गत माथिल्लो मुस्ताङको लोमान्थाङ–२ सम्जुङ मतदान केन्द्रलाई सोही वडाको दिव्यदीप माध्यमिक विद्यालय छोसेरमा ठाउँ सारी (मर्ज) गरिएको छ। लोघेकर दामोदरकुण्ड–४ मा यसअघिको मतदान केन्द्र रहेकोमा थप अर्को एक मतदान केन्द्रको व्यवस्था गरिएको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्रबहादुर ज्ञवालीले जानकारी दिनुभयो। जिल्लामा ११ हजार ३२८ जना मतदाता छन्। यहाँको घरपझोङमा दुई हजार ४९२, थासाङमा दुई हजार ९०७, वारागुङ मुक्तिक्षेत्रमा दुई हजार ३९, लोघेकर दामोदरकुण्डमा एक हजार ५४२ र लोमान्थाङ गाउँपालिकामा दुई हजार ११ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# स्वास्थ्यमन्त्री गौतमद्वारा जिपी कोइराला उपचार केन्द्रको निरीक्षण

**पोखरापत्र संवाददाता**
दमौली, १२ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा शर्मा गौतमले जिल्लाको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रको सोमबार निरीक्षण गर्नुभएको छ। त्यस क्रममा उहाँले उपचार केन्द्रबाट भइरहेको सेवाप्रवाहबारे जानकारी लिनुभएको छ।

उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले केन्द्रबाट प्रवाह भइरहेका सेवाबारे मन्त्री गौतमलाई जानकारी गराउनुभयो। अघिल्लो सरकारका पालामा सम्पन्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार भारत सरकारसँग तीन सय शय्यामा अस्पताल स्तरोन्नतिका लागि सम्झौता प्रक्रिया अगाडि बढाउन मन्त्री गौतमको ध्यानाकर्षण गराइएको थियो।

जवाफमा स्वास्थ्यमन्त्री गौतमले उपचार केन्द्रलाई विशिष्ट अस्पतालको रूपमा विकास गरिने बताउनुभयो। मन्त्रालयका सचिव डा विकास देवकोटाले अस्पताललाई श्वासप्रश्वास अस्पतालको रूपमा विकास गर्नुपर्ने बताउनुभयो। पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाको स्मृतिमा श्वासप्रश्वाससम्बन्धी विशिष्टिकृत सेवा दिन यहाँ अस्पताल स्थापना गरिएको थियो। सरकारले विसं २०६७ सोसम्बन्धी निर्णय गरेको थियो। हाल यहाँ पचास जनरल वाड सञ्चालनमा छन्।

विसं २०७५ सालमा सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो। हाल उपचार केन्द्रको नाममा ७४० रोपनी जग्गा प्राप्त भइसकेको छ।

# मनाङमा प्रत्यक्षतर्फ तीन चिन्हमा मतदान हुने

**पोखरापत्र संवाददाता**
मनाङ, १२ माघ

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा हिमाली जिल्ला मनाङमा प्रत्यक्षतर्फ तीन चिह्नमा मतदान हुने भएको छ।

नेपाली कांग्रेसको रुख, नेपाली कम्युनिष्ट पार्टीको रातो तारा र मङ्गोल नेशनल अर्गनाइजेसनको भाले चिन्हमा मतदान हुने भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले नेपाली कांग्रेसलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएपछि तीन चिन्हमा मतदान हुने टुङ्गो लागेको मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले जानकारी दिनुभयो। "निर्वाचनका लागि पाँच दलबाट उम्मेदवारी परेकामा दुई दलले उम्मेदवारी फिर्ता लिएपछि मतपत्रमा तीन वटा चिन्ह मात्रै रहने भएको हो", उहाँले भन्नुभयो। नेपाली कांग्रेसका टेकबहादुर गुरुङ, नेकपाका यशोदा सुवेदी गुरुङ र मङ्गोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ 'नवीन' चुनावी मैदानमा छन्। एउटा मात्रै प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको मनाङमा कूल सात हजार मतदाता छन्। देशकै सबैभन्दा कम मतदाता रहेको यस जिल्लामा एक अस्थायीसहित २९ वटा मतदान केन्द्र निर्धारण गरिएको छ। यहाँको निर्वाचन सम्पन्न गर्न १७१ जना कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

# ‘गोल घर’ संरक्षण गर्दै उद्योग वाणिज्य संघ

**पोखरापत्र संवाददाता**
वालिङ, १२ माघ

पछिल्ला वर्षहरुमा गाउँ तथा सहरमा पक्की घर बन्दै गएका छन् । केही वर्षअघिसम्म विशेष गरी सहर बजारमा पक्की आधुनिक घर बन्ने गरेपनि पछिल्ला वर्षमा गाउँ गाउँमा पनि पुराना घर भत्काएर नयाँ पक्की घर बनाउने क्रम बढ्दो छ।

बजार तथा गाउँ गाउँमा पक्की घर बन्नेक्रम बढ्दै गएपछि पुराना र लोप हुनलागेका वस्तुको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले वालिङ उद्योग वाणिज्य सङ्घले महोत्सवस्थलमा लोपोन्मुख घुमाउने (कुडुले) घर निर्माण गरेको वालिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष चेतनारायण श्रेष्ठले बताउनुभयो ।

“पुरानो पुस्ता गोल घरकाबारेमा जानकार हुनुहुन्छ, कतिपय बस्नुभएकै पनि होला” उहाँले भन्नुभयो, “समयको विकास र आधुनिकतासँगै पछिल्ला पुस्ताले यसप्रकारका घर देखेका



छैनन्, हाम्रो परम्पराको संरक्षण र जगेर्ना गर्दै नयाँ पुस्तालाई पुरानो कला संस्कृति तथा परम्पराकाबारेमा जानकारी दिनका लागि गोल घर निर्माण गरेका हौं ।”

बाँस, खर, काठ, माटोको प्रयोग गरेर बनाइएको उक्त गोल घर नवौं वालिङ महोत्सवको मुख्य आकर्षणकोरुपमा रहने भएको हो । खरले छाएका घर हराउँदै गएका बेला एकदमै पुरानो गाउँले परिवेशलाई झल्काउने उद्देश्यसहित गोल घर निर्माण गरिएको उहाँले बताउनुभयो ।

गाउँ गाउँमा पुरानो गोल घर हराएर गएकाले महोत्सवस्थलमा आउने दर्शकहरुको अवलोकनका लागि गोल घर (कुडुले) घर निर्माण गरिएको वालिङ उद्योग वाणिज्य सङ्घका सहकोषाध्यक्ष एवम् गोलघर निर्माण उपसमितिका संयोजक केशव पराजुलीले बताउनुभयो । खरले छाएको गोलघर दुई तलाको रहने छ। घरको छानो र पाली खरैखरले छाएको छ । “कुडुले घरभित्र विशेष गरी हाम्रा पुराना पुस्ताले प्रयोग गर्दै आएका सामग्री राखिने छ” उहाँले भन्नुभयो, “घरमा पुरानो जीवनशैलीलाई झल्को दिने खालका जातो, ढिकी, हलो जुवा, ठेको, छानामा फर्सी, कुभिण्डोलगायतका सामग्री राखेर सजाइने छ।”

घरको भित्तोलाई रातो र सेतो माटोले लपक्क लिपेर आकर्षक बनाइएको छ । घरभित्र, पिँढी तथा आँगनमा गोबर माटोले लिपिएको छ । वालिङ उद्योग वाणिज्य सङ्घले महोत्सवलाई लक्षित गरेर निर्माण गरेको गोल घरलाई महोत्सवपछि पनि संरक्षण गरेर राख्ने जनाएको छ । विसं २०६३ बाट प्रत्येक दुई/दुईवर्षमा वालिङ महोत्सव हुँदै आएको छ। यो नवौं संस्करणको महोत्सव माघ १४ गतेदेखि २५ गतेसम्म सञ्चालन हुने भएको हो । महोत्सवको तयारी पूरा भएको छ।

# जन्मदिनमा न्यानो कपडा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

जन्मदिनको अवसर पारेर विद्यालयमा न्यानो कपडा वितरण गरिएको छ।

साविक मादी गाउँ पालिका हाल पोखरा १३ निवासी राम परियार, लक्ष्मणले आफ्नो शुभजन्मदिनको अवसर पारेर तथा विभिन्न संघसंस्थामा आबद्ध पोखरा १३ पाटनवेसी बस्ने समाजसेवी रवि बरालले सम्युक्त रूपमा बिद्यार्थीहरुलाई न्यानो ज्याकेट वितरण गरेका हुन् ।

पोखरा १३, आर्वा अमलाचौरमा रहेको श्री अमरज्योतीआधारभुतविधालयका




बिद्यार्थीहरुलाई करीब ५० थान ज्याकेट वितरण गरिएको हो । बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद बरालको अध्यक्षतामा भएको सो कार्यक्रममा वडानं १३ की वडा सदस्य रजनि परियार, बिद्यालयका प्रधानाध्यापक बिमलबहादुर बराल , लगाएतको उपस्थिति थियो । जन्मदिनको अवसरमा फजुल खर्च भन्दा यस प्रकारको मानविय तथा सामाजिक कार्यमा लाग्नु सह्वानिय कार्य हो ।

# निर्वाचन नजिकिँदै जाँदा उत्साहित छन् नयाँ मतदाता

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ माघ

म्याग्दीका दल र स्वतन्त्र उम्मेदवारहरूले मनोनयन सकेर मत माग्न गाउँ छिरेसँगै यहाँ निर्वाचनको माहोल बन्दै गएको छ।

आगामी फागुन २१ गते निर्वाचनको मिति नजिकिँदै जाँदा विशेषगरी पहिलोपटक नाम दर्ता गराएका युवा मतदानका लागि उत्साहित देखिएका छन् । जेनजी आन्दोलनपछि अब आउने जनप्रतिनिधिले युवाको भावना बुझ्ने भन्दै उनीहरूमा उत्साह थपिएको हो । यहाँ विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी १३ जना व्यक्तिले उम्मेदवारी (मनोनयन) दर्ता गराएकामा १२ जनाको उम्मेदवारी कायम रहेको जिल्ला निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । उम्मेदवारसहित राजनीतिक दलका नेताहरू मत माग्न जनताको घरघरमा जान, विभिन्न ठाउँमा भेला र छलफल गर्न व्यस्त हुन थालेका छन् ।बेनी नगरपालिका-२ का निकेश सापकोटा पहिलोपटक मतदान गर्दै हुनुहुन्छ । उहाँले व्यक्तिगत छविमा कुनै दाग नलागेका, देश विकास गर्ने योजना भएका र युवाको मनोभावना र देशको आवश्यकतालाई बुझेर इमानदारीपूर्वक काम गर्ने नेतालाई निर्वाचित गरेर पठाउनका लागि फागुन २१ मा मत हाल्न आफू उत्साहित भएको बताउनुभयो ।

“म पहिलोपटक मतदान गर्न लागेको छु । उत्साहित छु । देश र जनताको मनोभावनालाई बुझेर काम गर्न सक्ने योग्य र इमानदार उम्मेदवारलाई भोट हाल्छु,” सापकोटाले भन्नुभयो । दलहरूले आ-आफ्ना पार्टी र उम्मेदवार नै योग्य भएको भनेर प्रचार गरी मत मागे पनि कसलाई जिताउने भन्ने अधिकार मतदातामा रहेको बताउँदै सापकोटाले आफू पहिलोपटक अधिकारको प्रयोग गर्न लागेकामा खुसी व्यक्त गर्नुभयो ।

स्तै, बेनी नगरपालिका-७ की २१ वर्षीया सङ्गीता विक सबै सम्मेदवारहरूको कुरा सुनेर र उनीहरूलाई राम्रोसँग बुझेर मात्र कसलाई मत दिने भन्ने कुरा निर्णय गर्ने बताउनुहुन्छ । “म उम्मेदवार हरूको कुरा सुनेर र एजेन्डा हेरेर मत दिने मुडमा छु । सक्षम नेतृत्व छनोट गर्न नसक्दा दुःख जनतालाई नै हुँदोरहेछ भन्ने कुरा हामीलाई विगतले सिकाएको छ। त्यसैले राम्रो र सक्षम नेतृत्वलाई मत दिएर विजयी बनाउन आवश्यक छ,” उहाँले भन्नुभयो । विक जेनजी आन्दोलनका पक्षमा पनि लाग्नुभएको थियो । उहाँ पहिलोपटक मतदान गर्दै हुनुहुन्छ। त्यस्तै, मङ्गला गाउँपालिका-४ का दीपेश बुढा पनि आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पहिलोपटक मतदान गर्दै हुनुहुन्छ । युवा पुस्ताको आन्दोलनपछि अब देशको विकास हुन्छ कि भन्ने लागेर मतदान प्रक्रियामा सहभागी हुने उहाँले बताउनुभयो । “अहिले म्याग्दीको निर्वाचन पनि निकै चर्चामा छ । नयाँ दल र नयाँ व्यक्ति निर्वाचनमा सहभागी भएका छन् । पार्टीभन्दा पनि योग्य मान्छेलाई हेरेर मतदान गर्ने सोच बनाएको छु,” बुढाले भन्नुभयो ।

रघुगङ्गा गाउँपालिकाका सङ्गम पुन पनि आफूले पहिलोपटक मतदान गर्न लागेको र त्यसको सही प्रयोग गर्न उम्मेदवारबारे अध्ययन गरिरहेको बताउनुहुन्छ। युवा पुस्ताका लागि केही सोच्ने नेतृत्वका लागि मतदान गर्ने योजनासहित फागुन २१ को पर्खाइमा रहेको उहाँको भनाइ छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार यही फागुन २१ गते हुने निर्वाचनमा एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा कुल ८६ हजार ३९७ मतदाता कायम भएका छन् । एक नगरपालिका र पाँच गाउँपालिकामा समेटिएको जिल्लामा अन्य एक, महिला ४४ हजार ६४ र पुरुष ४२ हजार ३३२ मतदाता रहेका छन् ।

निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएको छ । अधिकांश युवा मतदाता रहेका छन् । केही यसअघि नै उमेर पुगे पनि मतदाता नामावलीमा पहिलो पटक नाम दर्ता गराएकाहरू हुन् । जिल्ला निर्वाचन अधिकृतको कार्यालयका अनुसार शनिबारसम्म ६६ वटा मतदानस्थलको अनुगमन तथा निरीक्षण गरिएको छ। निर्वाचनका लागि सम्पूर्ण तयारी तीव्र गतिमा अघि बढेको छ।

# चण्डी मा.वि.को ६३ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीस्थित चण्डी माध्यमिक विद्यालयको ६३ औं वार्षिकोत्सव एक समारोहका बीच सोमबार सम्पन्न भएको छ।

वार्षिकोत्सवको पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारीले उद्घाटन गर्नुभयो । कार्यक्रममा वडा अध्यक्ष अधिकारीले शैक्षिक गुणस्तरीयतालाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो । शिक्षा क्षेत्रमा देखिने गरेका विभिन्न समस्याको समाधानका लागि संघीय सरकारको राम्रो शिक्षा नीति आउनु अपरिहार्य भएको उहाँको भनाइ छ । विद्यालयका पूर्व विद्यार्थी एवम् राष्ट्रिय समाचार समिति(रासस) गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेलले विद्यालयले यस क्षेत्रको शैक्षिक उन्नयनमा विशिष्ट भूमिका निर्वाह गरेको बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चेतबहादुर महतले शैक्षिक गुणस्तरीयतासँगै पूर्वाधार विकास लगायतका कुराहरूलाई सँगसँगै बढाइएको बताउनुभयो ।

विद्यालय स्थापनाको यतिका वर्ष पुगिसक्दा पनि विद्यालयको आफ्नो जग्गा धनी पूर्जा प्राप्त हुन नसकेको अवस्थामा निरन्तरको मिहिनेत पछि तीन रोपनी भन्दा बढी क्षेत्रफलको जग्गा विद्यालयको नाममा प्राप्त भएको उहाँले




जानकारी दिनुभयो । विद्यालयका प्रधानाध्यापक सन्तोषराज लामिछानेले विद्यालययको समग्र आर्थिक एवम् शैक्षिक प्रतिवेदन प्रस्तुतगर्नुभएकोथियो।विद्यालयका निवर्तमान प्रधानाध्यापक खिमबहादुर महतले विद्यार्थीले शैक्षिक प्रगतिमा ल्याउने चार जिपिए उनीहरूको आनीबानी र व्यहारमा पनि आउनुपर्ने बताउनुभयो। कार्यक्रममा सरस्वती टीका माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष लालुप्रसाद पराजुली, शिशुकल्याण मा.वि.का प्रधानाध्यापक सुदनराज पौडेल, शिक्षासेवी रामचन्द्र पौडेल, नगर शिक्षा समितिका सदस्य ऋषिराज आचार्य, पूर्व शिक्षक देवराज कार्की लगायतले बोल्नुभएको थियो। उक्त अवसरमा विद्यालयका निवर्तमान प्रधानाध्यापक खिमबहादुर महतले यस अघि राख्नुभएको ११ हजार १११ रुपैयाँ अक्षयकोषमा ९० हजार रुपैयाँ थप गर्नुभयो । उक्त अवसरमा वडा सदस्य लिलादेवी नेपाली, पाण्डेवारी निवासी रामचन्द्र पौडेल, चवादी निवासी तिलकुमारी लामिछाने, बाबुराम थापा लगायतले अक्षयाकोष स्वरुप सहयोग गर्नुभएको थियो ।

क ा य ॅ क ् म क ा अवसरमा विद्यालयको जग्गाधनी पूर्जा ल्याउनका लागि सहयोग गर्ने मालपोत कार्यालय, लेखनाथका कार्यालय प्रमुख, अक्षयकोषदाता लगायत विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चेतबहादुर महतको सभापत्विमा सम्पन्न कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक कमलप्रसाद पौडेलले गर्नुभएको थियो । उक्त अवसरमा विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो भने विद्यार्थीका तर्फबाट विभिन्न सांस्कृतिक प्रस्तुति देखाइएको थियो।

# किसानले माघ लागेपछि बल्ल सुन्तला टिप्न थाले

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ माघ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका किसानले बढीभन्दा मूल्य लिनका लागि माघ लागेपछि सुन्तला टिपेर बजार पठाउन थालेका छन् । देशका धेरै ठाउँका बगैंचा रित्तिएपछि उनीहरूले सुन्तला टिप्न थालेका हुन् ।

दोसल्लेका किसानले विगतको तुलनामा यसपाली राम्रो मूल्य पाएका छन् । यसअघि मङ्सिर-पुसमा प्रतिक्रेट (बीस किलो) रु एक हजार ७०० मा बिक्री हुने गरेको थियो । यसपालि प्रतिक्रेट रु दुई हजार ५०० मूल्यमा बिक्री भइरहेको स्थानीय विकास श्रेष्ठले बताउनुभयो। “किसानले सस्तोमा सुन्तला बेच्नुपर्ने अवस्था हटाउन सबै मिलेर मूल्य निर्धारण गरेका हौं,” उहाँले भन्नुभयो “अन्यत्रको सुन्तला सकिएकाले व्यापारीले प्रतिक्रेट रु तीन हजार २०० सम्म मूल्य तिर्न तयार छन् ।”

बयालिस घरधुरीको बसोबास



रहेको दोसल्लो गाउँमा गत वर्ष सुन्तलाबाट रु एक करोड ६० लाख भित्रिएको थियो । यसपालि दाना कम लागे पनि मूल्य बढेको र नयाँ बिरुवामा दाना लागेकाले समग्रमा गत वर्षकै अनुपातमा उत्पादन हुने अनुमान गरिएको दोसल्ले व्यावसायिक सुन्तला जात किसान समूहका अध्यक्ष प्रेम पाइजाले बताउनुभयो । पोखरा र काठमाडौंका व्यवसायी बगैंचामै पुगेर सुन्तला खरिद गरेपछि अहिले धमाधम सुन्तला टिप्ने काम भइरहेको छ । दोसल्लेका सबै घरले सुन्तलाखेती गरेका छन् । गाउँबाट बसाइँसराइ रोकिएको छ। पहिले बेनी, पोखरालगायत ठाउँमा बसाइँसराइ गरेकाले गाउँमा फर्किएर बाँझिएको जग्गामा सुन्तला रोपण गरेका छन् ।

“पहिले गाउँमा सामान्य जीविकोपार्जन गर्न पनि कठिन थियो, गाउँमा आम्दानीको कुनै स्रोत थिएन, आज सुन्तलाखेतीले स्थानीयलाई आर्थिक लाभ दिएको छ,” उहाँले भन्नुभयो “सुन्तलाबाटै गाउँलेको जीवनस्तर बदलिएको छ,”

पाइजाका अनुसार दोसल्लेमा १० हजार सुन्तलाका बोट छन् । २०६८ सालमा पोखराबाट माटो परीक्षण विभागबाट विज्ञ ल्याएर माटो परीक्षण गरी सुन्तलाखेतीमा लागेका दोसल्लेवासीले हरेक वर्ष सुन्तलाखेती विस्तार गर्दै लगेका छन् । परम्परागत रूपमा धान, मकै, कोदो, भटमास हुने खेतबारी सुन्तलाले ढाकिएको छ । नयाँ बोटले फल दिन सुरु गरेकाले अबको केही वर्षमा यस गाउँमा सुन्तलाबाट वार्षिक रु तीन करोड बढी रकम भित्रने स्थानीयवासीको अनुमान छ।

दोसल्लेका सबै घरमा सुन्तलाखेती गरिएको छ। गाउँबाट बसाइँसराइ रोकिएको छ । पहिले बेनी, पोखरालगायत ठाउँमा बसाइँसराइ गरेकाले गाउँमा फर्किएर बाझिएको जग्गामा सुन्तला रोपण गरेका छन् । सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसान परम्परागत अन्नबाली लगाउन छाडेर सुन्तलाखेती विस्तारमा जुटेका स्थानीय मायादेवी गर्बुजाले बताउनुभयो।

# पिएम कप : पोखरा र राइजिङ पोखराको जित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ माघ

पोखरामा जारी प्रधानमन्त्री (पिएम) कप कास्की जिल्ला स्तरीय एक दिवसीय क्रिकेट प्रतियोगितामा पोखरा क्रिकेट क्लब राइजिङ क्रिकेट क्लबले जित हासिल गरेका छन् ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा जारी प्रतियोगितामा सोमबार पोखरा क्रिकेट क्लबले लेखनाथ क्रिकेट क्लबलाई १ विकेटले हराएको छ। १२५ रनको विजयी लक्ष्य पाएको पोखराले ३३ ओभरमा ९ विकेट गुमाउँदै १२६ रन बनायो । आतिफ मियाँले २१, मुस्कान थापाले २० र सुवाष भण्डारीले २० रन जोडे । लेखनाथका लागि साहिल पौडेल र सुवाष वास्तोलाले ३/३ तथा सज्जन क्षेत्रीले १ विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ थालेको लेखनाथ क्रिकेट क्लब ३३.४ ओभरमा




१२४ रन बनाउँदै अलआउट हुन पुग्यो । लेखनाथका लागि राजकुमार छन्त्यालले ३०, सहिल पौडेलले २२ र देव यादवले १७ रन बनाए ।

पोखरा क्रिकेट क्लबका लागि सुर्जन गुरुङले ४, देव शाह र प्रज्वल पौडेलले २/२ विकेट लिए ।

यस्तै अर्को खेलमा राइजिङ पोखरा क्रिकेट क्लबले लेकसाइड क्रिकेट क्लबलाई ६७ रनले हराएको छ।

लेखनाथस्थित इडन हेवन क्रिकेट मैदानमा भएको खेलमा ११२ रनको विजयी लक्ष्य पाएको लेकसाइडलाई १६.१ ओभरमा अलआउट गराउँदै राइजिङले जित हासिल गरेको हो । लेकसाइड ४४ रनमै अलआउट भए ।

लेकसाइडका लागि मोहम्मद रिजाले १८ र सुमित रौनियारले ९ रन बनाए । राइजिङका लागि अन्जन केसीले सर्वाधिक ६ विकेट लिए । कृष्ण पौडेल र समिर भुजेलले समान १/१ विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको राइजिङले २२ ओभरमा १११ रन बनाउँदै अलआउट हुन पुग्यो । राइजिङका लागि अनिल गुरुङले ३१, कृष्ण पौडेलले २९ र रोनक झाले २० रन जोडे। लेकसाइडका लागि विकास पाठक र सन्देश शाहीले समान ३/३ तथा निरज ढकालले २ विकेट लिए ।